श्रमको सम्मान गरौं ।
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
Labour Force is Nation Force !!

# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन कांग्रेस
## राष्ट्रिय समिति

NTUC

च.नं Ref. No.:

मिति Date:

२०७८ बैशाख ३०

माननीय मन्त्रीज्यू,
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौ , नेपाल ।

**विषयः- ज्ञापन पत्र ।**

महोदय,

विश्वव्यापीरूपमा फैलिरहेको कोरोना भाईरसका कारण अहिले विश्व नै आतंकित भईरहेको यहाँलाई अवगतनै छ । हाम्रो देश नेपाल पनि कोरोना महामारीको दोश्रो लहरले २०७८ बैशाख १६ गतेदेखि प्रायः सबै ठाउँहरूमा निषेधाज्ञा लागु भएकोले ठप्प प्रायः छ । जसको कारण दिउँसो काम गरि बेलुका छाक टार्ने आम मजदुर वर्गको अवस्था जटिल बन्दै गईरहेको छ । तर निषेधाज्ञा लागु भएको दुई हप्ता नाघि सक्दा समेत संक्रमणमा कमि आएको देखिदैन । चिन्ताको विषय, संक्रमणको दर ५० प्रतिशत भन्दामाथि पुग्नकासाथै दिनहुँ हजारौंको संख्यामा संक्रमित हुने र सय भन्दा बढिले ज्यान गुमाईरहेका छन् । अस्पतालमा अत्यावश्यक वस्तुहरु अक्सिजन , बेड, आई.सि.यु. र भेन्टिलेटरको चरम अभाव सृजना भई गम्भीर प्रकृतिका संक्रमितहरु उपचार नपाई अस्पतालको प्राङ्गण र घरघरमै ज्यान गुमाउन बाध्य छन् । तर मानवीय स्वास्थ्य सङ्कटको विषम परिस्थितिमा समेत बर्तमान सरकार गम्भिर नबनेको प्रति नेपाल ट्रेड युनियन काँग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ ।

एकातिर यस विषम परिस्थितिमा स्वास्थ्य उपचार नपाएर सयौंले ज्यान गुमाईरहेका छन् भने अर्कोतिर निषेधाज्ञाका कारण अनौपचारिक / स्वरोजगार एवं दैनिक ज्यालादारीमा काम गर्ने लाखौं श्रमिकहरू कामविहिन भई रोगले भन्दा भोकले ज्यान जाने परिस्थिति सृजना भएको छ । गत सालको लकडाउनमा स्थानीय सरकार मार्फत केहि राहतको घोषणा र व्यवस्था गरेको तर कोरोना महामारीको दोश्रो लहरको कारण निषेधाज्ञा भएको दुई हप्ता नाघिसक्दा पनि स्थानीय, प्रदेश र संघिय सरकार चुपचाप मजदुरको चित्कार एवं बिजोग टुलुटुलु हेरि रहेको अवस्थामा ट्रेड युनियन काँग्रेस चिन्तित मात्र भएको छैन, आक्रोशित समेत बनेको छ । यसर्थ, यस विषम परिस्थितिमा आमनागरिकप्रति सरकारले गर्नुपर्ने अभिभावकिय भूमिका विशेष जिम्मेवारीका साथ निर्वाह गर्न जोडदार माग गर्दछ ।

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np

(१) अस्पतालमा व्याप्त बेड,आई.सि.यु., भेन्टिलेटर र अक्सिजनको तत्काल उचित व्यवस्था गर्न,

(२) अनौपचारिक / स्वरोजगार, दैनिक ज्यालादारी मजदुर र आर्थिक अवस्था कमजोर वर्गको निशुल्क उपचारको व्यवस्था गर्न,

(३) अनौपचारिक / स्वरोजगार, दैनिक ज्यालादारी मजदुरलाई तत्काल प्रभावकारी राहतको व्यवस्था गर्न,

(४) निशुल्क परिक्षण र परिक्षणको दायरा बढाई  सामुदायिक भवन, स्कुल, कलेज र सरकारी भवनहरुलाई WHO को मापदण्ड अनुरुप आवश्यक स्वास्थ्य सेवा उपकरण र स्वास्थ्यकर्मी सहित व्यवस्थापन गरि हरेक स्थानीय तहमा पर्याप्त आईसोलेसन केन्द्रको व्यवस्था गर्न,

(५) यस जटिल परिस्थितिमा अग्रपंक्तिमा रहेर जोखिम पूर्वक कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सर सफाईकर्मी, यातायातकर्मी तथा अत्यावश्यक सेवामा कार्यरत श्रमिकहरुको प्रोत्साहनकोलागि बिमा तथा जोखिम भत्ता लगायत आवश्यक व्यवस्था गर्न,

(६) सम्पूर्ण संगठित तथा असंगठित श्रमिकहरुकालागि तत्काल कोभिड भ्याकसिन लगाउने  व्यवस्था गर्न ।

धन्यवाद ! जय नेपाल ! !

...............................
योगेन्द्र कुमार कुँवर
महासचिव